# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) विराटनगर, नेपाल, चैत्र २७ गते, २०७५ साल (अतिरिक्ताङ्क १


## भाग ३

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश नं. १ को प्रदेश सरकारबाट निर्णय भई प्रमाणीकरण भएका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको प्रदेश सरकार,प्रदेश नं. १ बाट प्रकाशित हुने राजपत्रको ढाँचा र सो सम्बन्धी अन्य विवरण प्रदेश सरकारको मिति २०७५/१२/२७ को निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## प्रदेश नं. १, प्रदेश सरकार राजपत्रको नमूना, ढाँचा र अन्य विवरण

१) प्रदेश राजपत्र नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मुद्रण विभाग वा प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहेको छपाई मेसिनबाट नै छपाई गर्नेछ ।

२) प्रदेश सरकारको राजपत्र आवश्यकता अनुसार नियमित तथा अतिरिक्ताङ्कको रुपमा प्रकाशन गर्ने,

३) प्रदेश राजपत्रमा देहाय बमोजिमको भाग कायम गरी देहाय बमोजिमका विषयहरु प्रकाशन गर्ने:

(अ) भाग-१ मा प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन तथा अध्यादेश प्रकाशन हुने,

(आ) भाग-२ मा प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश तथा अधिकार पत्र र अन्तर्गत बनेका निर्देशिका एवम् कार्यविधि प्रकाशन हुने,

(इ) भाग-३ मा प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना र प्रदेश प्रमुखबाट हुने नियुक्तिको सूचना प्रकाशन हुने ।

४) प्रदेश राजपत्रको माथिल्लो भागमा निशाना छाप, सोको मुनि प्रदेश राजपत्र, सोको मुनि प्रदेश नं.१, प्रदेश सरकारद्वारा प्रकाशित र सोको मुनि लहरमा खण्ड...) विराटनगर, नेपाल, महिना...गते....साल.... (नियमित/अतिरिक्ताङ्क) र सोको मुनि भाग...रहनेछ ।

५) प्रदेश सरकारको राजपत्रको ढाँचा संलग्न अनुसूची बमोजिम हुनेछ।

६) प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रदेश राजपत्र अवश्यकता अनुसार छपाउने छ।

७) प्रदेश राजपत्र प्रकाशन भएपछि जुन मन्त्रालय वा निकायबाट प्रकाशन गरिएको हो सोही मन्त्रालय वा निकायले आफ्नो वेभसाइटमा राख्नुपर्ने छ ।

८) प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रकाशन गरेको राजपत्र अभिलेखको लागि प्रदेश सरकार, कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

९) प्रदेश सरकारका मन्त्रालयबाट प्रकाशित भई अभिलेखको लागि प्राप्त राजपत्रलाई कानून मन्त्रालयले आफ्नो वेभसाइटमा राखे छ ।

१०) प्रदेश राजपत्र प्रदेश सरकारका मन्त्रालय वा निकायले सःशुल्क वा निःशुल्क रुपमा उपलब्ध गराउन सक्नेछ ।

अनुसूची

# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड....) विराटनगर, नेपाल....महिना....गते....साल (नियमित/अतिरिक्ताङ्क)

भाग.....

प्रदेश सरकार

प्रदेश नं.१, विराटनगर, नेपाल

..................................

प्रमाणीकरण मितिः

आज्ञाले,

नामः

पदः

आज्ञाले,

गोपालप्रसाद पराजुली

प्रदेश सरकारको सचिव